# तमानखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बोंगादोभान, बागलुङ

प.स : ०८२/०८३

च.नं. :

गण्डकी प्रदेश, नेपाल


## कृषि संकलन तथा बिक्री केन्द्र भाडामा लगाउने सम्बन्धी सिलबन्द दरभाउपत्र आह्वान

सिलबन्दी नम्बर: TRM/SQ/०१/२०८२-०८३

पहिलो प्रकाशनको मिति २०८३/०१/२२

तमानखोला गाउँपालिका वडा नं. १, बोंगादोभानमा रहेको कृषि संकलन तथा बिक्री केन्द्र सञ्चालन गरी कृषि उत्पादनको संकलन, भण्डारण र बजारिकरणलाई व्यवस्थित गर्दै गाउँपालिकाको आन्तरिक राजश्वलाई वृद्धि गर्ने अभिप्रायले उक्त केन्द्रलाई भाडामा लगाउन सम्बन्धित सबैमा जानकारीका लागि १५ दिने सूचना प्रकाशन गरिएको छ। उक्त ठेक्का लिन इच्छुक फर्म/समूह/सहकारीले गाउँपालिकाले तयार गरेको निम्नानुसारका कार्यक्षेत्रगत सर्तको अधिनमा रही रितपूर्वकको निवेदनका साथ फर्म/समूह/सहकारी दर्ता प्रमाणपत्र र नविकरण भएको प्रमाणपत्र, व्यवसाय धनिको नेपाली नागरिकताको प्रमाणपत्र, आन्तरिक राजश्व कार्यालबाट स्थायी लेखा नम्बर (प्यान/भ्याट) दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र अन्य आवश्यक कागजात संलग्न गरी गोप्य सिलबन्दी दरभाउ पत्र पेस गर्नुहुन यो सूचना आह्वान गरिएको छ।

सर्तहरू:-

१. सूचना प्रकाशित भएको मितिले १५ दिनको कार्यालय समयभित्र रु. १०००।- (अक्षरेपी एक हजार मात्र पछि फिर्ता नहुने गरी) यस कार्यालयको आन्तरिक राजश्व खाता नं. १४५०१०४७४२७०००४६ मा जम्मा गरी बैंक दाखिला भौचर सहित कार्यालय समयभित्र दरभाउपत्र खरिद गर्न सक्नेछन्। दरभाउपत्र खरिद गर्नका लागि निवेदकले नविकरण गरिएको सम्बन्धित विषयको कारोवार गर्ने इजाजत प्राप्त समूह/सहकारी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, व्यवसायी प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा भ्याट दर्ता प्रमाणपत्र र २०८१।०८२ को कर चुक्ता गरेको प्रमाणको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी निवेदन साथ पेस गर्नुपर्नेछ।

२. सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२:०० बजेभित्र दरभाउपत्र रितपूर्वक भरी यस कार्यालयमा सिलबन्दी गरी दर्ता गराई सक्नुपर्नेछ। दर्ता भएको दरभाउपत्रहरु सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन। दरभाउपत्र खरिद गर्ने दिन, दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सो सम्बन्धी कार्य तत्पश्चात कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

३. दरभाउपत्र दाताको दरभाउपत्र स्वीकृत भएपछि स्वीकृत अंकको ५% बराबरको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको पर्फरमेन्स बण्ड पेस गर्नु पर्नेछ।

४. दरभाउपत्रदाताले कबोल गरेको दररेटलाई अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईनेछ। दरभाउपत्र फाराममा केरमेट भएको ठाउँमा सहीछाप नगरेको पाइएमा मान्यता दिईने छैन।

५. दरभाउपत्रदाताले आफुले खरिद गरेको दरभाउपत्र सिलबन्दी गरी दर्ता गराउनुपर्नेछ। फोटोकपी गरी पेस गरेको दरभाउपत्रलाई मान्यता दिइनेछैन।

अमित परियार
प्रमुख प्रशासकीय अधिकृत


Email- ito.tamankholamun@gmail.com Website- www.tamankholamun.gov.np



CS Scanned with CamScanner

६. कुनै कारण जनाई वा नजनाई प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

७. प्रस्तावकर्ताले आफुले खरिद गरेको दरभाउपत्रनै दर्ता गराउनु पर्नेछ।

८. यस कार्यालयबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको दरभाउ अर्को फर्मले दाखिला गर्न पाउने छैन। साथै छाँयाप्रति तयार गरी पेस गरेको दरभाउपत्रलाई मान्यता दिईने छैन।

९. अन्य कार्यक्षेत्रगत सर्तहरू बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ।

१०. यसमा उल्लेख नभएका बेहोराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित ऐन नियम अनुसार हुनेछ।

११. दरभाउपत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा बुझ्न सकिनेछ।

| क्र. सं. | सूचना नं. | कामको विवरण | दरभाउपत्र दस्तुर | भाडामा लगाउन अवधि | न्युनतम कबोल अंक | दरभाउपत्र जमानत |
|---|---|---|---|---|---|---|
| १ | TRM/SQ/ ०१/२०८२-०८३ | कृषि संकलन तथा विक्रि केन्द्र भाडामा लगाउने | १०००।- | सम्झौता भएको मितिले ३ वर्ष | रु. १,४४,०००।- (अक्षरेपी एक लाख चवालिस हजार मात्र ) | ३५००।- (अक्षरेपी तीन हजार पाँच सय मात्र) |

२०८२/०९/२२
अमित परियार
प्रमुख प्रशासकीय अधिकृत




Scanned with CamScanner